# सुनकोशी गाँउपालिका

मूलखर्क, ओखलढुंगा

**१ नं. प्रदेश, नेपाल**

## स्थानीय राजपत्र

**खण्ड १,** **संख्या १** **मितिः २०७५।०२।२०**

## भाग १

नेपालको संविधानको धारा २२१ ले दिएको व्यवस्थापकिय अधिकारको प्रयोग गरी सुनकोशी गाउँपालिका मूलखर्क, ओखलढुंगाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सुनकोशी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५

**गाँउसभा बाट निर्णय : २०७५/०१/२६ प्रमाणिकरण मिति : २०७५/०१/३०**

नेपालको संविधानको धारा २२१ ले दिएको व्यवस्थापकीय अधिकारको प्रयोग गरी सुनकोशी गाँउपालिका, ओखलढुंगाको गाँउ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई

तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनकोशी गाँउपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :**(१) यो ऐनको नाम सुनकोशी गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन सुनकोशी गाँउपालिका क्षेत्रभित्र स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. <u>परिभाषा</u> :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले सुनकोशी गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका"भन्नाले सुनकोशी गाँउ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाँउपालिका" भन्नाले सुनकोशी गाँउपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **<u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सुनकोशी गाँउ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>**:(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही सुनकोशी गाँउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
मदन कुमार बजगाँई
प्रमुख प्रशासकीय अधिकृत